# विनियोजन ऐन २०७८

**प्रस्तावनाः** झापा गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम **झापा गाउँपालिका**को सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम "झापा गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।७९ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७८।७९ को निमित्त गाउकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीहरूमा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **४५,७४,०५,५००/-** (अक्षरेपी रु. पैतालिस करोड चौहत्तर लाख पाँच हजार पाच सय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।७९ को निमित्त झापा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ । (खर्चका विनियोजनहरु अनुसूचीमा प्रस्ताव गरिएका छन )

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम रकमान्तर, निकासा र खर्च जनाउन सकिनेछ । यसरी रकमान्तर गर्दा प्रमुख प्रशासकीय अधिकृत स्तरवाट १० प्रतिशत सम्म, अध्यक्ष स्तरवाट १५ प्रतिशत सम्म र कार्यपालिका स्तरवाट भने २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने छ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम वाट साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन । तर पूजीगत खर्च र वित्त व्यवस्थापन व्यहोर्ने एक श्रोत वाट अर्को श्रोतमा रकमान्तर गर्न सकिने छ ।



झापा गाउँपालिका

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) खर्च अनुमोदन:

१) आर्थिक वर्ष २०७८/०७९ का लागि स्वीकृत कार्यक्रम मा क्षेत्रगत मात्र विनियोजन भई कार्यक्रम/क्रियाकलापगत विभाजन हुन बाँकी रहेका वजेट तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँ कार्यपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत स्तरवाट स्वीकृत गराइएका कार्यक्रम, क्रियाकलाप र बजेट विनियोजन तथा खर्च यसै ऐन वमोजिम भएको मानिने छ ।

२) आर्थिक वर्ष २०७८।०७९ का लागि स्बीकृत वजेट तथा कार्यक्रममा क्षेत्रगत वा शिर्षकगत मात्र विनियोजन भएको हकमा उक्त विनियोजनलाई कार्यक्रमगत वा क्रियाकलापगत रुपमा कार्यपालिका/अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत स्तरवाट विनियोजन सम्वन्धी निर्णय भई क्रियाकलापगत रुपमा खर्च गर्न सकिनेछ ।

३) उपदफा २ वमोजिम भएको विनियोजलाई आगामी गाउँसभावाट अनुमोदन गराउनुपर्ने छ ।

| खर्च तर्फको सारांश | | |
|---|---|---|
| चालु खर्च | ६,५३,४०,००० | |
| आर्थिक विकास | २,३३,००,००० | |
| पुर्वाधार विकास | ११,९०,००,००० | |
| वन, वातावरण, विपद् तथा सरसफाई | ६,००,००० | |
| संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | ८,३५,५०० | |
| सामाजिक विकास | २,७०,३०,००० | |
| संघीय सशर्त अनुदान | १९,२६,००,००० | |
| संघीय समपुरक अनुदान | १,१३,००,००० | |
| संघीय विशेष अनुदान | १,७४,००,००० | |
| **जम्मा** | **४५,७४,०५,०००।००** | |

**आज्ञाले**

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत

झापा गाउँपालिका